# गैरभन्सार अवरोधले व्यापारमा असर

अजित तिवारी

*विराटनगर, माघ २*

पूर्वाञ्चलका रोजगारदाताले नेपालबाट दक्षिण एसियाली मुलुकमा कारोबार गर्ने आयातकर्ता तथा निर्यातकर्ताले गैरभन्सार अवरोधका कारण व्यापारमा असर परेको बताएका छन्। उनीहरूले आयातकर्ता तथा निर्यातकर्ताले गैरभन्सार अवरोधका कारण व्यापारमा समस्या झेलिरहेकाले सहजीकरण गर्न सरकारसँग आग्रह गरेका छन्।




मोरङ व्यापार संघमा आयोजना गरिएको छलफलका सहभागी। *तस्बिर : नागरिक*

मोरङ व्यापार संघ र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) को संयुक्त आयोजनामा मंगलबार भएको छलफलमा क्षेत्रीय व्यापारका गैरभन्सार अवरोध र नेपालको सरोकारबारे जानकारी गराइएको थियो।

संघका अध्यक्ष अविनाश बोहराले दक्षिण एसियाली मुलुकले व्यापार उदारीकरण कार्यक्रमअन्तर्गत आपसी भन्सार दर क्रमशः घटाउँदै लगे पनि गैरभन्सार अवरोधले ती देशका निर्यात बढ्न नसकेकोमा चिन्ता जनाए।

'दक्षिण एसियाभित्रै उत्पादन सम्भावना भएका र उत्पादन भइरहेका कतिपय वस्तुको सट्टा यहाँका देशले यो क्षेत्र बाहिरबाट आयात गरिरहनुपरेको छ,' बोहराले भने, 'गैरभन्सार अवरोध सुधार गर्न सके यो क्षेत्रमा रोजगारी र आय बढ्नुका साथै उपभोक्ता बचत पनि वृद्धि हुनेछ।'

दक्षिण एसियाको कूल व्यापार कारोबार लागतको ७५ प्रतिशत खर्च गैरभन्सार अवरोधका कारण सिर्जना भएको पूर्वका उद्योगी-व्यवसायीको भनाइ छ। 'यो अवरोध हटाउन सके औसत १ अर्ब १५ करोड डलर खर्च जोगिन सक्छ,' बोहराले भने, 'जुन कूल आयातको १६ प्रतिशत हुन आउँछ। यो भनेको नेपालीको वार्षिक औसत ४२ लाख डलर जोगिनु हो। यो कूल आयातको ४५ प्रतिशत हो।'

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य एवं उद्योगपति महेश जाजुले दक्षिण एसियाली मुलुकमध्ये भारतमा मात्र कारोबार गर्न बाध्यता रहेको र अन्यमा कारोबार गर्न भन्सार प्रवेश तथा अन्य प्रशासनिक तथा प्रक्रियागत जटिलताले कठिनाइ भइरहेको बताए। सावतीकी परामर्शदाता निलु थापाले वैदेशिक व्यापार क्षेत्रमा रहेका गैरभन्सार अवरोध पहिचान गरी समाधान पहल गर्न उद्योगी-व्यवसायीलगायतसँग सुझाव संकलन थालेको बताइन्।

वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझाले दक्षिण एसियाली मुलुकमा हुने आयात-निर्यातबारे उल्लेख गर्दै नेपालको खस्कँदो निर्यात व्यापार प्रवर्द्धन गर्न गैरभन्सार अवरोधका कारण पहिचान गर्नुपर्ने बताए।

छलफलमा भन्सार एजेन्ट संघका कार्यवाहक अध्यक्ष विजेन्द्र पारासर र केन्द्रीय सदस्य किशोर शाहीले हचुवाभरमा भन्सार मूल्यको वर्गीकरण उत्पत्तिको नियमसँग सम्बन्धित विषय, आयात लाइसेन्सिङ, अतिरिक्त कर तथा अन्य कर आयातलगायतमा लाग्ने अन्तराष्ट्रिय कर तथा शुल्क, लामो र खर्चिलो भन्सार निकासी प्रक्रियाले व्यापारमा अवरोध पुऱ्याएको गुनासो गरे।